अनुसूची - १०

(दफा १० सँग सम्बन्धित)

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

सूचना नं.: ०८०/०८१-०१

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

तेस्रो पटक प्रकाशित मितिः २०८१/०१/१४

यस मन्त्रालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्ने प्रयोजनका लागि मिति २०८०/१२/२८ मा दोस्रो पटक प्रकाशित सूचना बमोजिम समेत कुनै पनि बोलपत्र पेश हुन नआएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ को उपनियम ७ बमोजिम न्यूनतम मूल्यमा वार्ताद्वारा सोझै लिलाम बिक्री गर्न यो सूचना प्रकाशन गरिएको छ । वार्ताद्वारा न्यूनतम तोकिएको मूल्यमा उल्लिखित जिन्सी मालसामानहरू खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिनभित्र कार्यालय समयमा यस मन्त्रालयको जिन्सी शाखामा सम्पर्कका लागि आव्हान गरिन्छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा ना.सु. श्री राजेन्द्र प्रसाद पन्त (मो.९८४८४२२२०५) सँग सम्पर्क राख्न सकिने छ ।

लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु.२,९७,१६०।- (अक्षेरुपीः दुई लाख सन्तानब्बे हजार एक सय साठी रुपैयाँ) मू.अ. कर वाहेक रहेको छ ।

१।१४